# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) जनकपुरधाम, नेपाल, चैत्र २३ गते, २०८२ साल (संख्या१२

भाग २

## मधेश प्रदेश सरकार

## खेलकुद तथा समाज कल्याण मन्त्रालय

## मधेश प्रदेश खेलकुद विकास नियमावली,२०८२

प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "मधेश प्रदेश खेलकुद विकास नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा;

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको मधेश खेलकुद परिषद् सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "कार्यसमिति" भन्नाले ऐनको दफा१३ बमोजिम गठित कार्यसमिति सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## संगठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्था

३. **संगठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) परिषद र समितिको संगठन संरचना र दरबन्दी तेरिज प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम संगठन संरचनामा प्रशासनिक कार्य गर्ने कर्मचारी प्रदेश निजामतीको प्रशासन सेवाका हुनेछन्।प्रशासनिक बाहेकका स्वीकृत दरबन्दीमा प्रचलित कानुन बमोजिम व्यवस्था गरिनेछ ।

(३) उपनियम (१) बमोजिम संगठन संरचनामा उपनियम (२) बमोजिम कर्मचारी अभाव भएमा राष्ट्रिय खेलकुद परिषदबाट आवश्यक जनशक्ति कामकाजमा खटाउन सकिनेछ ।

## परिच्छेद-३

## सदस्य सचिवको सेवा शर्त, सुविधा र रिक्त अवस्थाको पुर्ति

४. **सदस्य सचिवको पारिश्रमिक र सुविधाः** (१) सदस्य सचिवले प्राप्त गर्ने पारिश्रमिक र सुविधा अनुसूची-१ बमोजिम हुनेछ ।

(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा स्वदेश भित्र भ्रमण गर्दा परिषदको अध्यक्ष र विदेश भ्रमण गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

५. **सदस्य सचिवको पदाधिकारः** (१)सदस्य-सचिव परिषदमा पुरा समय काम गर्ने प्रशासनिक पदाधिकारी हुनेछ ।

(२) ऐनको दफा १० को उपदफा (१) बमोजिम नियुक्त सदस्य-सचिव पदमा कायम नरहेको अवस्थामा मन्त्रालयले प्रदेश निजामती सेवाको कम्तीमा नवौं तहको अधिकृतलाई परिषद्को सदस्य सचिवका रुपमा कामकाज गर्न खटाउन सकिनेछ ।

६. **कार्यसम्पादनमा आधारित सम्झौता गर्नुपर्नेः** (१) सदस्य सचिवले ऐनको दफा १० को उपदफा (३) बमोजिम प्रत्येक आर्थिक वर्षमा परिषद्का अध्यक्षसँग अनुसूची-२ बमोजिमको ढाँचामा कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने कार्यसम्पादन सम्झौतामा देहायका विषय समावेश गर्नुपर्नेछ;

(क) सम्झौता अवधिमा गरिने कामको विवरण र सो को मापनयोग्य लक्ष्य,

(ख) कार्यान्वयन कार्ययोजना,

(ग) कार्यसम्पादन मूल्याङ्कन विधि, तरिका र प्रक्रिया,

(घ) सदस्य सचिवको कार्यसम्पादनसँग सम्बन्धित अन्य विषय ।

## परिच्छेद-४

## कार्य समितिको काम, कर्तव्य र अधिकार र बैठक

७. **कार्यसमितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १३को उपदफा (१) बमोजिम गठित कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खेलकुद तालिका तयार गरी स्वीकृतिको लागि परिषदमा पेश गर्ने, र स्वीकृत वार्षिक कार्यतालिका समयमै संघ र स्थानीय तहलाई उपलब्ध गराउने,

(ख) परिषद्का निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा

सहभागिताका लागि आवश्यक काम गर्ने,

(घ) नेपाल सरकारको स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधिहरु मन्त्रालयको स्वीकृतिमा पठाउने,

(ङ) परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्ने,

(च) खेलकुदको विकास, विस्तार र सञ्चालनमा विभिन्न निकायहरुवीच समन्वय गर्ने,

(छ) परिषदबाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रुपमा समीक्षा गर्ने,

(ज) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्ने,

(झ) खेलकुद सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिम दिलाउने तथा

उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा तालिम लिन पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा प्रदेश सरकार मार्फत नेपाल सरकारको अनुमति लिनुपर्ने,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कृत गर्ने तथा खेलाडीहरुको वृत्ति विकासको आवश्यक व्यवस्था मिलाउने,

(ठ) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरुमा वृद्धि गर्न प्रोत्साहन गर्ने,

(ढ) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने,

(त) खेलकुदमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक प्रशिक्षण दिने तथा त्यस्ता व्यक्तिबीच

प्रतिस्पर्धा हुने गरी विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने

(थ) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता आयोजना सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने,

(द) खेलकुदको विकास तथा विस्तारमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको खेलकुदसँग सम्बन्धित निकाय वा संस्थासँग समन्वय तथा सहकार्य गर्ने।

८. **कार्य समितिको बैठकको निर्णय सम्बन्धि व्यवस्था**: (१)कार्य समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कार्य समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले कार्य समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) कार्य समितिको बैठक संयोजकको निर्देशनमा सचिवले बोलाउनेछ ।

(५) कार्य समिति बैठकको निर्णय बहुमतको आधारमा हुनेछ, मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) कार्य समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(७) बैठकको निर्णय पुस्तिका लगायतको अभिलेख सचिवले व्यवस्थित गरी राख्नुपर्नेछ ।

## परिच्छेद-५

## खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

९. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १५ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) खेलकुदको विकासको लागि तत्कालिन, अल्पकालिन र दीर्घकालिन योजना बनाई परिषदमा पेश गर्ने,

(ख) प्रदेश खेल संघ वा महासंघ, खेल तथा खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने गराउने,

(ग) जिल्ला र स्थानीय तहभित्र रहेका खेलकुदका भौतिक पूर्वाधारहरुको अभिलेख राख्ने र तिनको संरक्षण, मर्मत एवं नयाँ निर्माण गर्न परिषदमा सिफारिस गर्ने,

(घ) जिल्ला तथा स्थानीय तहभित्र रहेका विभिन्न विधाका खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने गराउने,

(ङ) प्रदेशस्तरका खेलकुद प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने,

(च) नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने गराउने,

(छ) विभिन्न खेलका जिल्ला संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ज) स्थानीय तहमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने गराउने,

(झ) जिल्ला स्तरमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने गराउने,

(ञ) जिल्ला स्तरमा आवश्यक पर्ने खेलकुदका सामग्रीहरुको व्यवस्थापन गर्ने गराउने,

(ट) जिल्लास्तरमा सञ्चालन हुने खेल तथा खेल सम्बन्धी कार्य सञ्चालन गर्ने गराउने,

(ठ) स्थानीय स्तरमा नियमानुसार गठित खेलकुद सम्बन्धी संस्थाहरुलाई सहजीकरण गर्ने तथा सुचीकृत गर्ने,

(ड) परिषद् र स्थानीय खेलकुद विकास समितिसँग आवश्यक समन्वय गर्ने,

(ढ) खेलकुद विकासका लागि आवश्यक अन्य कार्य गर्ने ।

(ण) समितिको कोष समितिको प्रशासकिय अधिकृत र लेखा हेर्ने कर्मचारीको संयूक्त हस्ताक्षरमा गर्ने गराउने ।

१०. **अध्यक्षको काम कर्तव्य र अधिकारः** ऐनको दफा १४ उपदफा २ को (क) बमोजिम परिषद द्वारा मनोनित अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खेलकुदको विकासको लागि तत्कालिन, अल्पकालिन र दीर्घकालिन योजना बनाई समितिमा पेश गर्ने,

(ख) जिल्ला र स्थानीय तहभित्र रहेका खेलकुदका भौतिक पूर्वाधारहरुको अभिलेख राख्ने र तिनको संरक्षण, मर्मत एवं नयाँ निर्माण गर्न परिषदमा सिफारिस गर्ने,

(ग) नियमित प्रशिक्षण र प्रतियोगिताको सन्चालन गर्ने गराउने,

(घ) विभिन्न खेलका जिल्ला संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ङ) स्थानीय तहमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने गराउने,

(च) परिषद् र स्थानीय खेलकुद विकास समितिसँग आवश्यक समन्वय गर्ने,

(छ) जिल्ला स्तरमा आवश्यक पर्ने खेलकुदका सामग्रीहरुको व्यवस्थापन गर्ने गराउने,

(ज) खेलकुद विकासकालागि अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-६

## खेलकुद सम्बन्धी क्लब तथा संस्थाको दर्ता, आवद्धता र नवीकरण

११. **खेलकुद सम्बन्धी क्लब तथा संस्थाको दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्थाः** (१) एक जिल्ला भित्र मात्र खेलकुद सम्बन्धी

क्रियाकलाप गर्ने क्लब तथा संस्थाले समितिमा एवम् एकभन्दा बढी जिल्लामा खेलकुद सम्बन्धी क्रियाकलाप गर्ने क्लब तथा संस्थाले परिषदमा अनूसूची-३ बमोजिमको ढाँचामा दर्ताका लागि निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिमा दर्ता गर्दा पाँच सय रुपैया तथा परिषदमा दर्ता गर्दा तीन हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ तर व्यवसायिक खेलसँग सम्बन्धित क्लब तथा संस्थाले समितिमा दर्ता गर्दा पाँच हजार र परिषदमा दर्ता गर्दा दश हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदन उपर जाँचबुझ गरी जिल्ला/परिषद्ले अनुसूची-४ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(४) उपनियम (१) र (२) बमोजिम दर्ता भएका क्लब तथा संस्थाले समितिमा पाँच सय रुपैया तथा परिषदमा तीन हजार रुपैया नवीकरण दस्तुर तिरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र नवीकरण गरिसक्नु पर्नेछ ।

(५) क्लब तथा संस्थाले उपनियम (३) बमोजिम नवीकरण नगरेमा प्रत्येक वर्ष पचास प्रतिशतका दरले जरिवाना तिरी बढीमा तीन वर्ष ननाघ्ने गरी नवीकरण गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिमको समयसीमा नाघी नवीकरण गराउन आउने क्लब तथा संस्थाले नवीकरण गर्न बाँकी सम्पूर्ण अवधिको प्रत्येक वर्ष शत प्रतिशतका दरले जरिवाना तिर्नुपर्नेछ ।

१२. **खेलकुद सम्बन्धी क्लब तथासंस्थाको आबद्धता तथा नवीकरण सम्बन्धी व्यवस्थाः** (१) एक जिल्ला भित्र मात्र खेलकुद सम्बन्धी

क्रियाकलाप गर्ने क्लब तथा संस्थाले समितिमा एवम् एकभन्दा बढी जिल्लामा खेलकुद सम्बन्धी क्रियाकलाप गर्नेखेल संघ, महासंघ, क्लब तथा संस्थाले परिषदमा अनूसूची-५ बमोजिमको ढाँचामा आवद्धताका लागि निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिमा आवद्धताका लागि पाँच सय रुपैया तथा परिषदमा आवद्धताका लागि तीन हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ ।

तर व्यवसायिक खेलसँग सम्बन्धित खेल संघ, क्लब तथा संस्थाले समितिमा आवद्ध हुन पाँच हजार र परिषदमा आवद्ध हुन दश हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदन उपर जाँचबुझ गरी जिल्ला/परिषद्ले अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(४) उपनियम (१) र (२) बमोजिम आबद्धता प्राप्त गरेका खेल संघ, क्लब, वा संस्थाले आफ्नो आबद्धता कायमै राख्न चाहेमा त्यस्तो आबद्धताको अवधि सकिनु भन्दा पन्ध्र दिन अगावै समितिमा पाँच सय रुपैया तथा परिषदमा तीन हजार नवीकरण दस्तुर तिरी नवीकरणको लागि अनुसूची-७ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न गरी प्रत्येक बर्ष नवीकरणको लागि समिति/परिषदमा निवेदन दिनुपर्नेछः-

(क) क्लब, संघ वा संस्थाले नवीकरण वा बहाल रहने अवधि पुष्टी गर्ने प्रमाणको प्रतिलिपि,

(ख) क्लब, संघ वा संस्थाको वार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,

(ग) परिषद्ले तोकेको अन्य कागजात ।

(५) उपनियम (३) बमोजिमको अवधिभित्र आबद्धता नवीकरण गराउनका लागि दिएको निवेदन जाँचबुझ गर्दा समिति/परिषद्ले उपयुक्त देखेमा निवेदक संघ वा संस्थाको आबद्धता नवीकरण गरिदिनेछ ।

(६) उपनियम (३) बमोजिमको अवधि भित्र आबद्धता नवीकरण गराउन नसकेको संघ वा संस्थाले त्यसको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा परिषदमा निवेदन दिनुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा निबेदन ब्यहोरा मनासिब देखिएमा समिति/परिषद्ले उपनियम (४) बमोजिम लाग्ने नवीकरण दस्तुरमा त्यस्तो पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो क्लब, संघ वा संस्थाको आबद्धता नवीकरण गरिनेछ ।

**१३. आबद्धता रद्द गर्न सक्ने** (१) देहायको अवस्थामा परिषदमा आबद्ध भएका संघ वा संस्थाको आबद्धता स्वतः रद्द भएको मानिनेछः-

(क) प्रचलित कानून बमोजिम संघ वा संस्थाको विघटन भएमा,

(ख) नियम १२ को उपनियम (४), (५), (६) र (७) बमोजिमको अवधि भित्र आबद्धता नवीकरण नगराएमा।

(२) देहायको अवस्थामा परिषद्ले आफुसँग आबद्ध भएका संघ वा संस्थाको आबद्धता रद्द गर्न सक्नेछ;

(क) वार्षिक लेखापरीक्षण तोकिएको समय भित्र नगराएमा,

(ख) संघ वा संस्थाको विधानमा संशोधन भई खेलकुदको क्षेत्रमा कार्यक्षेत्र नरहने भएमा,

(ग) संघ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) संघ वा संस्थाको उद्देश्य अनुरुप कामकारवाही गरेको नपाएमा,

(ङ) परिषद्को हित विपरीतको कुनै कार्य गरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्याएमा,

(च) परिषद्ले आबद्धता दिदाको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा ।

## परिच्छेद-७

## परिषदको कोष

१४. **परिषद्को कोषको सञ्चालनः** (१) ऐनको दफा २९ बमोजिम स्थापना भएको कोषको रकमको खर्चका लागि परिषद्को कोषको खाता सञ्चालन सदस्य-सचिव वा निजले तोकेको अधिकृत र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) परिषद्ले आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालन गर्दा प्रचलित कानूनको पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

## परिच्छेद-८

## खेलाडीको दर्ता, प्राथमिकिकरण, वर्गीकरण र व्यवसायिक सुरक्षा

१५. **खेलाडी दर्ता फारम सम्बन्धीः** खेलकुद सम्बन्धी सहभागिताका लागि खेलाडीहरुले परिषदमा अनुसुची -९ बमोजिमको फारम भर्नुपर्नेछ ।

१६. **खेलकुदको प्राथमिकिकरणः** परिषद्को निर्णय बमोजिमको खेलहरुलाई प्राथमिकतामा राखी खेलकुद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दै लैजानेछ ।

१७. **खेलाडीको वर्गीकरणः** (१) संघसंस्था तथा खेलाडीको वर्गीकरण गर्ने सम्बन्धी मापदण्ड तयार गर्दा परिषद्ले सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी एउटा समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले तयार गरेको मापदण्डका आधारमा परिषद्ले संघसंस्था तथा खेलाडीलाई (क),(ख) र (ग) श्रेणीमा वर्गीकरण गर्नेछ ।

१८. **पारिश्रमिक सुविधा र सहुलियतः** नियम (१६) बमोजिम गरिएको वर्गीकरणका आधारमा अर्थ मन्त्रालयको सहमति सहित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरी खेलाडीलाई मासिक/खेल अवधिभरको पारिश्रमिक, बीमा, स्वास्थ्य उपचार, शैक्षिक छात्रवृत्ति लगायत अन्य सुविधा प्रदान गर्न सक्नेछ ।

१९. **खेलाडीको बीमा र स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था**(१) परिषद्सँग आबद्ध क्लब, संघसंस्था वा समितिका खेलाडीलाई प्रदेश सरकारको प्रतिनिधित्व गर्ने गरी परिषद्ले कुनैपनि खेलकुद प्रतियोगितामा सहभागी गराउँदा त्यस्तो खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा रेफ्रीको अनुसूची-१० बमोजिम बीमा गर्नुपर्नेछ।

(२) खेलकुद प्रतियोगिता सञ्चालन हुनु अघि प्रत्येक खेलाडीको अनिवार्य परिषदले तोकेको स्वास्थ्य संस्थावाट स्वास्थ्य परीक्षण गर्नुपर्नेछ ।

## परिच्छेद-९
## विविध

२०. **पुरस्कार सम्बन्धी व्यवस्थाः** विभिन्न स्तरको खेलमा प्रतियोगी हुने मधेश प्रदेशको खेलाडीलाई मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले निर्णय गरे बमोजिम पुरस्कार दिइनेछ ।

२१. **खेलाडीलाई प्रदान गरिने प्रोत्साहनः** (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा प्रदेश सरकारको प्राथमिकतामा परेका खेलहरुमा प्रदेशको प्रतिनिधित्व गरी पदक जितेका खेलाडीलाई प्रदेश सरकारले थप प्रोत्साहन गर्न सक्नेछ।

(२) परिषद्ले आयोजना गरेको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता तथा प्रदेश सरकारको प्रतिनिधित्व गरी राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडी, पदाधिकारीलाई परिषद्ले तालिम अवधि भर खाना तथा आवासको व्यवस्था मिलाउने छ।

२२. **स्वीकृति लिने सम्वन्धी प्रक्रिया**ः (१) प्रदेश भित्र खेलकुद प्रतियोगिता आयोजना गर्दा परिषदमा अनुसुची-११ र समितिमा अनुसुची -१२ को ढाँचामा निवेदन दिइ देहाय बमोजिम स्वीकृत लिनु पर्नेछः-

(क) अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु अघि परिषद्को स्वीकृति लिनु पर्ने,

(ख) जिल्ला र अन्तरस्थानीय तह स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु अघि समितिको स्वीकृति लिनु पर्ने,

(२) उपनियम (१) बमोजिम स्वीकृति लिने र समन्वय गर्ने संघसंस्थाले खेलकुद प्रतियोगिता सम्पन्न भएको पैतालिस दिन भित्र आम्दानी खर्चको हिसाब तयार गरि स्वीकृति दिने निकायमा पेश गर्नु पर्नेछ।

२३. **छानविन समिति सम्वन्धी व्यवस्था** : (१)ऐनको दफा ३७ बमोजिम सजाय र कारबाही गर्नु पूर्व परिषद्ले देहाय बमोजिमको एक छानविन समिति गठन गर्नेछ :-

(क) परिषद्ले तोकेको परिषद्को एक सदस्य .................. संयोजक

(ख) मन्त्रालयको खेलकुद सम्वन्धी विषय हेर्ने एक जना अधिकृत.....................सदस्य

(ग) परिषद्ले तोकेको परिषद्का एक जना अधिकृत ......सदस्य-सचिव

(२) छानविन समितले छानविन कार्य शुरु गरेको मितिले २५ दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) छानविन समितिले आरोप लागेको सम्बन्धित ब्यक्ति वा संस्थालाई सफाईको मौका दिनुपर्छ ।

(४) छानविन समितिले सम्बन्धित ब्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम स्पष्टीकरण सोध्न, प्रतिबेदन लिन सक्नेछ।

(५) छानविन समितिका सदस्यले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

२४. **शपथ ग्रहण सम्वन्धी व्यवस्था**: (१) परिषद्का सदस्य सचिवले मुख्यमन्त्रीसमक्ष, परिषदका सदस्यले परिषद्का अध्यक्ष तथा समितिका सदस्यले समितिका अध्यक्ष समक्ष पद तथा गोपनियताको सपथ ग्रहण गर्नु पर्नेछ ।

(२) समितिका अध्यक्षले परिषद्का सदस्य-सचिव समक्ष र समितिका सदस्यले समितिका अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ अनुसुची-१३ बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम लिइने शपथ ग्रहणको ढाँचा अनुसूची-१४ बमोजिम हुनेछ।

२५. **परिषद्को लोगोः** परिषद्को लोगो अनुसुची-१५बमोजिम हुनेछ ।

# अनुसुची-१

## (नियम ४ को उपनियम (१) सँग सम्वन्धित)

## सदस्य सचिवको पारिश्रमिक र सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई दर | सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक | दशौ तहको कर्मचारीको शुरु स्केल बराबर | |
| २ | महङ्गी भत्ता | मासिक | सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | |
| ३ | चाडपर्वभत्ता | प्रत्येक आ.व.मा एक पटक | एक महिनाको पारिश्रमिक | |
| ४ | लुगा भत्ता | वर्षमा एक पटक | दशौ तहको कर्मचारी सरह | |
| ५ | दैनिक भ्रमण भत्ता | दैनिक | दशौ तहको कर्मचारी सरह | |
| ६ | बैठक भत्ता | प्रति बैठक | प्रचलित कानुन अनुसार | |
| ७ | सवारी साधन | ----- | दशौ तहको कर्मचारी सरह | |
| ८ | इन्धन तथा मोबिल | लिटर | दशौ तहको कर्मचारी सरह | |

## अनुसची-२

## (नियम ६ को उपनियम (१)सँग सम्वन्धित)

## कार्यसम्पादन सम्झौता

प्रदेश खेलकुद विकास ऐन, २०८१ तथा प्रदेश खेलकुद विकास नियमावली, २०८२ बमोजिम प्रदेश खेलकुद विकास ऐनको उद्देश्य हासिल गर्न हामी दुवै पक्ष सहमत भएकोले यो कार्य सम्पादन करार सम्झौतामा हस्ताक्षर गरी लियौं दियौं।

१. मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालय (यस पछि पहिलो पक्ष भनिने) र सदस्य सचिव श्री ........(यस पछि दोश्रो पक्ष भनिने) बीच आज मिति ...............मा देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो कार्य सम्पादन करार गरिएको छ।

२. पहिलो पक्षको दायित्व देहाय बमोजिम हुनेछः-

(क) दोश्रो पक्षलाई प्रदेशमा खेलकुद सम्वन्धी ऐन, नियम र कार्यक्रमका विषयमा जानकारी गराउने,

(ख) खेलकुद कार्यक्रम संचालन गर्न स्वीकृत बजेट उपलव्ध गराइने

३. दोश्रो पक्षको दायित्व देहाय बमोजिम हुनेछः-

(क) मधेश प्रदेश खेलकुद ऐन, २०८१ को दफा ११ अनुसारको जिम्मेवारी कुशलतापूर्वक बहन गर्ने,

(ख) वार्षिक रुपमा लक्ष्य र प्रगति विवरण पहिलो पक्ष समक्ष पेश गर्ने।

४. ऐनको दफा १० को उपदफा (३) बमोजिम कार्य सम्पादन सम्झौता अनुसारको कार्य दोश्रो पक्षले गर्नेछ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची-३

## (नियम ११ को उपनियम (१) सग सम्बन्धित

## खेलकुद सम्बन्धी क्लब तथा संस्था दर्ताको लागि निवेदनको ढाँचा

श्री मधेश खेलकुद परिषद्/जिल्ला खेलकुद विकास समिति,

.................., .....................।

**विषयः दर्ता सम्बन्धमा**

महोदय,

प्रस्तुत विषयमा दर्ता गर्न ( ................................. .. खोजिएको कुन सङ्घ वा महासंघ नाम हो त्यसको नाम उल्लेख गर्ने ) मधेश खेलकुद परिषद्मा दर्ताको लागि देहायको विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन गर्दछु ।

१ खेल सङ्घ/महासङ्घ/क्लव/संस्थाकोनामः

२ ठेगाना :

३ स्थापना भएको मिति/स्थापना गर्ने निर्णय भएको मितिः

४ विधानको प्रमाणित प्रतिलिपी

५ कार्यकारिणी समितिका सदस्यहरुको नाम,ठेगाना र पेशा :

६ सम्बन्धित अन्तर्राष्ट्रिय निकायसँग आवद्ध भए सोको प्रमाण :

७ ऐन तथा यस नियमावलीले तोकेका आवश्यक कागजात र विवरण :

माथि लेखिएको व्यहोरा ठिक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नाम...

पद....

मिति..

दस्तखत...

| क्लब वा संस्थाको छाप |
|---|

## अनुसूची-४

**(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)**

**खेलकुद सम्बन्धी क्लब तथा संस्था दर्ताको प्रमाणपत्रको ढाँचा**

"खेली मधेश जिती मधेश"

# मधेश खेलकुद परिषद्

**Madhesh Sports Council**

मधेश प्रदेश, जनकपुरधाम

## दर्ता प्रमाणपत्र-

**Certificate of Registration**

प्रदेश खेलकुद विकास ऐन, २०८१ बमोजिम......................................मधेश प्रदेश खेल सङ्घ/महासङ्घ/क्लव/संस्था मधेश खेलकुद परिषद्को लगतमा दर्ता भएकोले यो प्रमापत्र प्रदान गरिएको छ ।

This certificate of registration has been issued.......................................Madhesh Pradesh Sports Association/Federation/Club/Organization under the Pradesh Sports Development Act. 2081

दर्ता नम्बर :............ मिति :............

Registration No. ............ Date ............

हस्ताक्षर

नाम.......................

दस्यसचिव-(Member Secretary)

## अनुसूची-५

(नियम १२ को उपनियम (१) सँग सम्वन्धित)

## परिषद/समितिमा आबद्धताको लागि दिइने निवेदनको ढाँचा

मितिः .....................

श्री मधेश खेलकुद परिषद्/जिल्ला खेलकुद विकास समिति,
.............., ...............।

**विषयः क्लब/संस्था/संघ आबद्धता सम्बन्धमा ।**

प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा २३ तथा प्रदेश खेलकुद विकास नियमावली, २०८२ को नियम १० को उपनियम (१) बमोजिम जिल्ला खेलकुद विकास समिति/ मधेश खेलकुद परिषद्सँग आबद्ध हुन चाहेकोले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी तोकिएको दस्तुर सहित आबद्धताका लागि यो निवेदन पेश गरेको छु। समिति/परिषद्सँग आबद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

१. क्लव/संघ/संस्थाको नामः
२. क्लव/संघ/संस्थाको ठेगानाः
   क) गाउँपालिका /नगरपालिकाः
   ख) जिल्लाः ...................
   ग) फोन नं.:.......................
   घ) फ्याक्स नं. :..............
   ङ) इमेलः.......................

च) वेवसाइटः.....................

३. क्लव/संघ/संस्थाको उद्देश्यः

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. क्लव/संघ/संस्थाको उद्देश्यः

५. क्लव/संघ/संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगानाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलग्न कागजातहरुः

(क) क्लव/संघ/संस्था दर्ताको प्रमाणपत्र,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) निवेदक क्लव/संघ/संस्थाको विधान प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) क्लव/संघ/संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको प्रतिलिपि

निवेदकको नामथर :

दस्तखत :

मितिः

पद :

क्लव वा संघ वा संस्थाको नाम :

ठेगानाः

| |
|---|
| क्लव/संघ/संस्थाको छाप |

## अनुसूची-६

**(नियम१२ को उपनियम (३) सँग सम्वन्धित)**

# समिति/परिषदमा आवद्ध क्लव/संघ/संस्थाको प्रमाणपत्रको ढाँचा

## मधेश खेलकुद परिषद्/जिल्ला खेलकुद विकास समिति

**.......................................................**

**आबद्धताको प्रमाणपत्र**

मधेश खेलकुद परिषद्सँग आबद्ध हुन पाउँ भनी ............................(क्लव/संघ/वा संस्थाको नाम र ठेगाना) ले मिति ...................मा दिएको निवेदन उपर कारवाही हुँदा जिल्ला खेलकुद विकास समिति/मधेश खेलकुद परिषद्को मिति ................को निर्णयानुसार त्यस क्लव/संघ/संस्थालाई प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा २४ तथा प्रदेश खेलकुद विकास नियमावली, २०८२ को नियम १० को उपनियम (२) बमोजिम परिषद्सँग आबद्ध गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

१. आबद्धता नम्वर :

२. आबद्धता कायम रहने अवधि: यो आवद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति ...............सम्म कायम रहनेछ।

**समिति/परिषद्को छाप**

**प्रमाणपत्र जारी गर्ने अधिकारीको**

नाम, थरः-

पदः-

मितिः-

## पछाडिपट्टी

## नवीकरण सम्वन्धी विवरणः

| सि.नं. | नवीकरण गर्ने कर्मचारी | दर्जा | दस्तखत | मिति | जारी अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची-७

(नियम १२ को उपनियम (४) सँग सम्वन्धित)

## आबद्धता नवीकरण गराउनेको लागि दिने निवेदनको ढाँचा

मितिः- .................

जिल्ला खेलकुद विकास समिति/मधेश खेलकुद परिषद्,

...................................।

**बिषयः- आबद्धता नवीकरण गरी पाउँ।**

यस क्लव/संघ/संस्थाको जिल्ला खेलकुद विकास समिति/मधेश खेलकुद परिषदसँगको आबद्धता कायम रहने अवधि मिति ............मा समाप्त हुने भएकोले प्रदेश खेलकुद विकास नियमावली, २०८२ को नियम १२ को उपनियम (३) बमोजिम आबद्धता नवीकरण गराउन तोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरु**

(क) परिषदमा आबद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) क्लव/संघ वा संस्थाको नवीकरण बहाल रहेन अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्यमुख्य कार्यको विवरण,

संस्थाको छाप

निवेदकको

नाम थर:

दस्तखतः

मितिः

पदः

क्लव वा संघ वा संस्थाको नामः

ठेगानाः

## अनुसूची-८

**(नियम ११ को उपनियम (६) सँग सम्बन्धित)**

## म्याद गुज्रिएको क्लव/संघ/संस्थाले आबद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा

मितिः........................

मधेश खेलकुद विकास परिषद्,

मधेश प्रदेश, जनकपुरधाम।

**बिषयः आबद्धता नवीकरण गरी पाउँ ।**

यस क्लव/संघ/संस्थाको प्रदेश खेलकुद विकास परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति ................ मा समाप्त भएको र ............कारणले गर्दा समयमा नै आवद्धता नवीकरण गराउन असमर्थ भएकोले प्रदेश खेलकुद विकास नियमावली, २०८२ को नियम १० को उपनियम (५) बमोजिम नवीकरणका लागि तोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु

(क) परिषदमा आबद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) क्लव/संघ/ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्यमुख्य कार्यको विवरण,

संस्थाको छाप

निवेदकको

नाम थर:

दस्तखतः

मितिः

पदः

क्लव वा संघ वा संस्थाको नामः

ठेगानाः

**अनुसूची-९**

(नियम १५ संग सम्बन्धित)

मधेश खेलकुद परिषद

**खेलाडी दर्ता फारम**

**........२०-प्रतियोगि...........................**

खेलाडी दर्ता फारम

खेलाडी दर्ता नं........................... दर्ता

मिति..............................................................

खेलाडीको नामः.............................- ..........................-तहः

तहगत वर्षः................................- रोल नं.:-...................

तौल समूहः...............................................................-

अध्ययनरत संस्थाको नाम र ठेगनाः..........................................-

संलग्न खेल क्लवको नाम र ठेगानाः.......................................-.

खेलको नामः.............................................................-

ईभेन्टसः खेल शुरु.........................-गरेको मितिः.................-..

प्रशिक्ष...............भोलिन्टियर प्रशिक्षकको नामः.................................

प्रशिक्षण स्थलः......................................-

हालसम्म सहभागी प्रतियोगिताको नामः-

१.......................................................................... .

२.......................................................................... .

३.......................................................................... .

४.......................................................................... .

५........................................................................ .

महिला ......................................................... पुरुष...

उचाईः.................................................................. -

तौल......................... जन्म मिति..........................................-

नागरिता नं.................................................. .

स्थायी ठेगानाः..................वडा नं.......... पालिका................

जिल्लाः..........................................-प्रदेशः ......................... -

प्रदेशः............................ -फोन नं................................

मो नं............................बुवाको नाम....................................

आमाको नामः .......................... -पेशाः....................................-

प्रदेशको खेलकुद नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकुदको मर्म र आदर्श प्रतिकुल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा मधेश खेलकुद परिषद्ले तोकेको दण्डसजाय/ एवं कार्यवाही भोग्न मन्जुर छु । प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दुर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु । माथि लेखिएको सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठा ठहरिएमा नियम कानुन बमोजिम सहुला बुझाउँला ।

खेलाडीको हस्ताक्षर ..............................

| प्रमाणित गर्ने सम्वन्धित निकायका अधिकारीको: | सिफारिस गर्ने जिल्ला खेलकुद विकास समितिको |
|---|---|
| नामः........................................ - | नामः............................................. - |
| पदः................................................ | पदः...............................................- |
| दस्तखतः.........................................- | दस्तखतः.........................................- |
| मितिः ............................................- | मितिः.............................................- |

सम्वन्धित निकायको छाप

## अनुसूची-१०

**(नियम १९को उपनियम १ संग सम्बन्धित)**

**खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक र रेफ्रीलाई प्रदान गरिने बीमा**

| क्र.सं. | सहभागीको अवस्था | बीमाङ्क रकम |
|---|---|---|
| १. | मृत्यु भएमा | रु.१०,००,०००।- (रु.दश लाख) |
| २. | घाइते भएमा | रु.५,००,०००।-(रु.पाच लाखसम्म) |

**स्पष्टिकरणः**बीमा, खेल प्रशिक्षण र खेल अवधिभर लागू हुनेछ।

## अनुसुची-११

**(नियम २२ को उपनियम (१) सँग सम्वन्धीत)**

**खेलकुद प्रतियोगिता आयोजना गर्नका लागी दिइने निवेदनको ढाँचा**

**श्री मधेश खेलकुद परिषद् जनकपुरधाम ।**

**विषय — प्रतियोगिता आयोजना स्विकृती सम्वन्धमा ।**

प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा २३ तथा प्रदेश खेलकुद विकास नियमावली २०८२ को नियम १२ को उपनियम (१) बमोजिम परिषद सँग आबद्धता प्राप्त भएको हुदाँ अन्तराष्ट्रिय, राष्ट्रिय र प्रदेश स्तरिय खेलकुद प्रतियोगिता मिति ....................देखि .................... सम्म मधेश प्रदेशको .................... जिल्लामा संचालन गर्न गइ रहेको हुदाँ उक्त प्रतियोगिता संचालन गर्नकालागि स्विकृती प्रदान गरि दिनु हुन अनुरोध छ ।

| | |
|---|---|
| **निवेदकको नाम थर** | .......................... |
| **दस्तखत** | .......................... |
| **मिति** | .......................... |
| **पद** | .......................... |
| **क्लव वा संघ संस्थाको नाम** | .......................... |
| **आबद्धता नं.** | .......................... |

## अनुसुची-१२

**(नियम २२ को उपनियम (१) सँग सम्वन्धित)**

**खेलकुद प्रतियोगिता आयोजना गर्नका लागी दिइने निवेदनको ढाँचा**

**श्री ................ जिल्ला खेलकुद विकास समिति**

**................ ।**

**विषय — प्रतियोगिता आयोजना स्विकृती सम्वन्धमा ।**

प्रदेश खेलकुद विकास ऐन, २०८१ को दफा २३ तथा प्रदेश खेलकुद विकास नियमावली २०८२ को नियम १२ को उपनियम (१) बमोजिम परिषद सँग आबद्धता प्राप्त भएको हुदाँ जिल्ला र अन्तरस्थानीय स्तरिय खेलकुद प्रतियोगिता मिति ....................देखि .................... सम्म मधेश प्रदेशको .................... जिल्लामा संचालन गर्न गइ रहेको हुदाँ उक्त प्रतियोगिता संचालन गर्नकालागि स्विकृती प्रदान गरि दिनु हुन अनुरोध छ ।

| | |
|---|---|
| **निवेदकको नाम थर** | ........................... |
| **दस्तखत** | ........................... |
| **मिति** | ........................... |
| **पद** | ........................... |
| **क्लव वा संघ संस्थाको नाम** | ........................... |
| **आबद्धता नं.** | ........................... |

# अनुसुची-१३

## (नियम २४ को उपनियम (२) सँग सम्वन्धीत)

## शपथ ग्रहणको ढाँचा

म..................................................मुलुक र जनता प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण बफादार रही बोर्ड / समितिको .................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन।

नामः ..................................

दस्तखतः .............................

मितिः ...................................

## अनुसूची-१४

**नियम २४ को उपनियम (३)सँग सम्बन्धित)**

## शपथ

म ....................(शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ ईश्वर/ देश र जनताका नाममा शपथ लिन्छु कि मधेश खेलकुद परिषद् / जिल्ला खेलकुद विकास समितिको .............पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद् प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

| **शपथ ग्रहण गर्नेको** | **शपथ ग्रहण गरेको प्रमाणित गराउनेको** |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| | कार्यालयः |

# अनुसूची-१५

(नियम २५ सँग सम्वन्धित)

## मधेश खेलकुद परिषद्को छाप

द्रष्टव्य- यो छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा परिषद् वाट निर्धारित रङ्गको प्रयोग हुनेछ ।

स्वीकृत मिति २०८२/१२/११

आज्ञाले
रंजित कुमार यादव
नि. प्रदेश सचिव
खेलकुद तथा समाज कल्याण मन्त्रालय,
मधेश प्रदेश